जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १५४ पृष्ठः ४ | २०८३ असोज २३ शुक्रबार (Friday 09 Oct. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# सिँचाइ कार्यालय थप सेवासहित मर्ज, दुई ठाउँबाट थप सेवा प्रवाह




**मणिलाल विश्वकर्मा**

लहान, २२ असोज। सिराहाको लहान नगरपालिका- १० स्थित भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय स्थनान्तरण नभई ऊर्जा र खानेपानी कार्यालयसहित मर्जपछि परिवर्तित नाममा थप सेवा प्रवाह गरिने भएको छ। डिभिजन प्रमुख विश्वनाथ यादवका अनुसार प्रदेश सरकार मन्त्रिपरिषद्को गत १० भदौमा स्वीकृत नयाँ संगठन तथा व्यवस्थापन तथा मन्त्रालयको ८ असोजको निर्णयअनुसार सम्बन्धित विषयगत कार्यालयहरू मर्ज भई ऊर्जा, सिँचाइ खानेपानी डिभिजनको रूपमा रूपान्तरण भएको हो।

'मर्जपछि रूपान्तरित कार्यालयले साबिकको कार्यालयमार्फत सेवा प्रवाह गरिएको ठाउँबाट नै थप सेवा प्रवाह गरिनेछ,' उनले भने, 'कार्यालय स्थानान्तरण होइन।' उनका अनुसार जिल्ला सदरमुकाममा रहेको जलस्रोत तथा सिँचाइ विकास डिभिजन र लहानमा रहेको भूमिगत जलस्रोत सिँचाइ विकास डिभिजनको सेवा दुवै ठाउँबाट प्रवाह गरिनेछ। 'दुवै ठाउँमा ऊर्जा र खानेपानीसम्बन्धी थप सेवा प्रवाह गरिनेछ,' उनले भने। जनमानसमा कार्यालय नै स्थानान्तरण गर्न खोजिएको भन्ने भ्रम सिर्जना भएको उल्लेख गर्दै उनले कार्यालय मर्ज भएपछि थप सेवासहित दुवै ठाउँमा कार्यालय सञ्चालन गरिने बताए।

ग्रामीणमा आफ्नै सुविधासम्पन्न भवन र आवश्यक पूर्वाधारसहित भूमिगत जलस्रोत सिँचाइसम्बन्धी सेवा प्रवाह गरिरहेको कार्यालयबाट ऊर्जा र खानेपानीसहितको सेवा प्रवाह हुँदा सेवाग्राहीलाई खानेपानी र ऊर्जासम्बन्धी कामका लागि अन्यत्र जानु नपर्ने उनले बताए। पछिलो केही दिनयता अगुवा किसानसहित विभिन्न राजनीतिक दलहरूले कार्यालयपरिसरमै पुगेर कार्यालय सार्ने निर्णय तत्काल फिर्ताको माग गर्दै आएका छन्। 'मर्जपछि कार्यालयको स्वरूप, प्रवाह हुने सेवा, डिभिजनको शाखा सञ्चालनलगायतको विषयमा यथार्थ कुरा सर्वसाधारणलाई बुझाउन नसकिँदा यस्तो अवस्था आएको हो,' उनले भने, 'मर्ज भएपछि दुवै ठाउँबाट सेवा प्रवाह हुँदा त झन् जनतालाई फाइदा पो हुन्छ त।'

# यौन दुर्व्यवहारको आरोपमा एकजना पक्राउ

**मणिलाल विश्वकर्मा**

लहान, २२ असोज। सात वर्षीया नाबालिकालाई यौन दुर्व्यवहार गर्ने प्रयास गरेको आरोपमा प्रहरीले सिराहाको लक्ष्मीपुरपतारी गाउँपालिका- ६ का एक व्यक्तिलाई पक्राउ गरेको छ। प्रहरीका अनुसार बलात्कार मुद्दामा सात वर्ष कैद सजाय भुक्तान गरी करिब एक महिनाअघि मात्र रिहा भएका स्थानीय करिब ४५ वर्षीय रूपनारायण यादवलाई पक्राउ गरिएको हो। गाउँनजिकैको खेतबाट बाख्रा चराएर फर्किँदै गरेकी नाबालिकालाई बोकेर झाडीतिर लैजाँदै गर्दा हजुरआमाले देखेपछि नाबालिका चिच्याउन थालेपछि यादवको औँलामा टोकेर उम्किएको स्थानीयले बताए।

पीडित नाबालिकाको आफन्तले स्थानीय प्रहरीमा उजुरी गरेपछि बुधबार साँझ करिब साढे ७ बजेतिर नियन्त्रणमा लिइएका यादवलाई इलाका प्रहरी कार्यालय लहान पठाइएको जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए। 'घटनास्थलमा प्रहरी निरीक्षकको कमाण्डमा गएको टोलीले आरोपीलाई लहान लिएर गएको छ,'

-बाँकी तीन पेजमा

# मधेशमा विश्वस्तरीय विद्यालय स्थापनाका लागि सांसद तपेश्वर यादवको पहल



काठमाडौं, २२ असोज। सिरहा-४ का सांसद तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मधेश प्रदेश सभापति इन्जिनियर तपेश्वर यादवले मधेश प्रदेशमा विश्वस्तरीय विद्यालय स्थापना गर्नुपर्ने विषयलाई निर्वाचनअघि देखि नै निरन्तर उठाउँदै आएका छन्। निर्वाचनअघि तथा निर्वाचनपछि पनि यादवले पटक-पटक प्रधानमन्त्रीको ध्यानाकर्षण गराउँदै मधेश प्रदेशका विद्यार्थीलाई गुणस्तरीय र आधुनिक शिक्षा प्रदान गर्न विश्वस्तरीय स्तरका विद्यालय स्थापना गर्नुपर्ने विषय उठाउँदै आएका थिए।

त्यसैको नतिजा स्वरुप बुधबार शिक्षा मन्त्रीले समेत मधेश प्रदेशमा गुणस्तरीय तथा आधुनिक शिक्षाका लागि आवश्यक पहल गर्ने सार्वजनिक रूपमा बताएका छन्। यसलाई मधेशको शिक्षा क्षेत्रमा सकारात्मक सुरुवातका रूपमा लिइएको छ। यादवले मधेश प्रदेशका सबै सांसदसँग समेत यस

-बाँकी तीन पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं

- विपद्को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं।

विपद्को समयमा एक-आपसमा मनोबल बढाऔं, मानसिक स्वास्थ्य जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## भवन होइन, विद्यार्थी चाहिन्छ

विश्वविद्यालयको पहिचान उसका भवन, जग्गा र भौतिक संरचनाले मात्र निर्धारण गर्दैन। विश्वविद्यालयको वास्तविक शक्ति त्यहाँ पढ्ने विद्यार्थी, गुणस्तरीय अध्यापन, अनुसन्धान, दक्ष जनशक्ति र समाजसँगको सम्बन्धमा निहित हुन्छ। सप्तरीको राजविराजमा निर्माणाधीन मधेस कृषि विश्वविद्यालयको पछिल्लो अवस्थाले यही आधारभूत प्रश्न उठाएको छ—भौतिक पूर्वाधार विस्तार भइरहँदा विश्वविद्यालयमा विद्यार्थी संख्या किन घटिरहेको छ?

करिब २६ बिघा क्षेत्रफलमा फैलिएको विश्वविद्यालयमा प्रदेश सरकारले निरन्तर पूर्वाधार निर्माणमा लगानी गरिरहेको छ। आर्थिक वर्ष २०८३/८४ मा निर्माणाधीन भवन सम्पन्न गर्न शिक्षा मन्त्रालयले ५ करोड रुपैयाँ बजेट विनियोजन गरेको जानकारी दिइएको छ। विश्वविद्यालयलाई मधेस प्रदेशकै नमुना विश्वविद्यालय बनाउने सरकारी लक्ष्य पनि सार्वजनिक भएको छ। पूर्वाधारका दृष्टिले यस्तो लगानी आवश्यक छ तर भवन थपिँदै जाँदा कक्षाकोठा खाली हुँदै जानु चिन्ताको विषय हो। विश्वविद्यालयले २०८० वैशाखदेखि कक्षा सञ्चालन गरेको थियो। पहिलो वर्ष ५० विद्यार्थी भर्ना भएका थिए भने अर्को वर्ष पनि संख्या ५० नै रह्यो। त्यसपछि २०८२ मा ४२, २०८३ मा ३० हुँदै अहिले अध्ययनरत विद्यार्थी संख्या २१ मा सीमित भएको तथ्य प्रस्तुत गरिएको छ। चार वर्षको अवधिमा विद्यार्थी संख्या आधाभन्दा बढी घट्नु सामान्य उतारचढावका रूपमा मात्र बुझ्न मिल्दैन। यसले विश्वविद्यालयको शैक्षिक वातावरण, व्यवस्थापन, पाठ्यक्रम, रोजगारीको सम्भावना र विद्यार्थीको विश्वाससँग जोडिएका प्रश्नलाई सतहमा ल्याएको छ।

विद्यार्थी संख्या घट्नुको कारण विश्वविद्यालय प्रशासनको कमजोरी हो भन्ने विद्यार्थी पक्षको गुनासोलाई पनि गम्भीरतापूर्वक लिनुपर्छ। तर कारणबारे निष्कर्षमा पुग्नुअघि वस्तुगत अध्ययन आवश्यक छ। कृषि शिक्षाप्रतिको विद्यार्थीको रुचि, अन्य विश्वविद्यालयसँगको प्रतिस्पर्धा, पाठ्यक्रमको उपयोगिता, प्रयोगात्मक शिक्षा, शिक्षकको उपलब्धता, अनुसन्धानको अवसर, छात्रवृत्ति, रोजगारीको सम्भावना र विश्वविद्यालयको समग्र छवि—यी सबै पक्षको समीक्षा गर्नुपर्छ। मधेस कृषि विश्वविद्यालयका लागि यो समीक्षा अझ महत्वपूर्ण छ, किनभने मधेसको अर्थतन्त्र कृषि क्षेत्रमा गहिरोसँग जोडिएको छ। ठूलो जनसंख्या कृषि पेशामा निर्भर रहेको प्रदेशमा कृषि शिक्षा र अनुसन्धानको बलियो केन्द्र आवश्यक छ। आधुनिक कृषि प्रविधि, उत्पादन वृद्धि, माटो तथा बीउ अध्ययन, पशुपालन, कृषि उद्यम, बजार व्यवस्थापन र जलवायु अनुकूल खेतीका क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न सक्ने विश्वविद्यालय मधेसका लागि ठूलो सम्पत्ति बन्न सक्छ।

त्यसका लागि विश्वविद्यालयले विद्यार्थीलाई केवल डिग्री दिने संस्थाका रूपमा आफूलाई सीमित गर्नु हुँदैन। पढाइसँगै खेत, प्रयोगशाला र समुदायलाई जोड्ने व्यावहारिक शिक्षा आवश्यक छ। स्थानीय किसानका समस्या अध्ययन गर्ने, नयाँ प्रविधिको परीक्षण गर्ने, कृषि उद्यम सञ्चालनमा विद्यार्थीलाई प्रोत्साहित गर्ने र निजी क्षेत्र तथा कृषि सहकारीसँग सहकार्य गर्ने वातावरण बनाउनुपर्छ। जब विद्यार्थीले आफ्नो अध्ययनको प्रत्यक्ष उपयोगिता देख्छन्, विश्वविद्यालयप्रतिको आकर्षण बढ्न सक्छ।

विश्वविद्यालयले छात्रवृत्ति र आर्थिक सहयोगका कार्यक्रम अघि सारेको छ। उत्कृष्ट १० विद्यार्थीलाई प्रत्येक सेमेस्टर १२ हजार रुपैयाँका दरले सहयोग गर्ने तथा दलित, गरिब र जेहेन्दार विद्यार्थीलाई शुल्कमा सहुलियत दिने व्यवस्था सकारात्मक प्रयास हुन्। तर आर्थिक सहुलियत मात्र विद्यार्थी आकर्षणको स्थायी आधार बन्न सक्दैन। गुणस्तरीय शिक्षा, सक्षम शिक्षक, व्यवस्थित प्रशासन, प्रयोगात्मक अवसर र भविष्यको स्पष्ट बाटो पनि आवश्यक हुन्छ।

यसैगरी विद्यार्थीका गुनासा सुन्ने र समाधान गर्ने संस्थागत संयन्त्र प्रभावकारी बनाउनुपर्छ। विद्यार्थीले आफ्ना समस्या लिएर बारम्बार नेतृत्व खोज्नुपर्ने अवस्थाभन्दा नियमित संवाद, गुनासो सुनुवाइ र समाधानको पारदर्शी प्रणाली आवश्यक हुन्छ। विश्वविद्यालय प्रशासनले विद्यार्थीलाई सेवाग्राही होइन, विश्वविद्यालय निर्माणका साझेदारका रूपमा हेर्नुपर्छ।

प्रदेश सरकारका लागि पनि अहिलेको अवस्था चेतावनी हो। पूर्वाधारमा थप बजेट विनियोजन गर्नुअघि विद्यार्थी संख्या घट्नुका कारणको गम्भीर मूल्यांकन आवश्यक छ। विश्वविद्यालयको सफलता भवन सम्पन्न भएको दिनबाट मापन हुँदैन कति विद्यार्थी आकर्षित भए, कति दक्ष जनशक्ति उत्पादन भए, कति अनुसन्धान भए र कृषि क्षेत्रमा कस्तो प्रभाव पार्‍यो भन्ने आधारमा मापन हुनुपर्छ।

मधेस कृषि विश्वविद्यालयलाई नमुना बनाउने लक्ष्य सकारात्मक छ। तर नमुना विश्वविद्यालय बनाउन नमुना भवन मात्र पर्याप्त हुँदैन। त्यहाँ विद्यार्थी आउनुपर्छ, शिक्षक टिक्नुपर्छ, अनुसन्धान हुनुपर्छ र समाजले विश्वविद्यालयबाट प्रत्यक्ष लाभ पाउनुपर्छ।

त्यसैले अब प्राथमिकता भवन निर्माणसँगै 'विद्यार्थी आकर्षणको कार्ययोजना' बनाउनमा हुनुपर्छ। विश्वविद्यालयको चार वर्षे अनुभवको स्वतन्त्र शैक्षिक समीक्षा गरी कमजोरी पहिचान र सुधारका स्पष्ट कदम चाल्नुपर्छ। कृषि सम्भावनाले भरिएको मधेसमा कृषि विश्वविद्यालय विद्यार्थीविहीन हुने अवस्था आउनु प्रदेशकै लागि ठूलो अवसर गुम्नु हो। भवनमा लगानी आवश्यक छ, तर अन्ततः विश्वविद्यालयलाई जीवन दिने भने विद्यार्थी, गुणस्तरीय शिक्षा र परिणाममुखी अनुसन्धानले नै हो।

# बिदा थपिँदा जनसंख्या बढ्ला ?

**पछिल्लो आठ दशकमा नेपालको जनसंख्या वृद्धिदर पहिलो पटक १ प्रतिशतभन्दा तल झरेको हो। त्यतिमात्र होइन देशभरीका ३४ जिल्ला र ३१९ पालिकाको जनसंख्या वृद्धिदर ऋणात्मक छ।**

**सन्त गाहा मगर**

काठमाडौं, २२ असोज। सरकारले प्रसुति बिदा ६ महिना र प्रसुति स्याहार बिदा ४२ दिन पुर्‍याउन लागेको छ। २०७५ सालमा बनेको 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन'मा प्रसुति बिदा ९८ दिन र प्रसुति स्याहार बिदा १५ दिन लिन पाइने प्रावधान छ। त्यही ऐन संशोधनका लागि प्रतिनिधि सभामा दर्ता भएको विधेयकमा बिदा बढाउन प्रस्ताव गरिएको हो।

सरकारी, गैरसरकारी वा निजी संघसंस्थामा कार्यरत महिलालाई सुत्केरी हुनुभन्दा अघि वा पछि पाइने तलब सहितको बिदा ६ महिना पुर्‍याइने विधेयकमा उल्लेख छ। यो विधेयक जस्ताकोतस्तै पारित भएमा सरकारी, गैरसरकारी वा निजी संघसंस्थामा कार्यरत पुरुष कर्मचारीले आफ्नी श्रीमती सुत्केरी हुनुअघि वा पछि पारिश्रमिक सहितको ४२ दिन प्रसुति स्याहार बिदा पाउँछन्।

सरकारले जनसंख्या वृद्धिमा प्रोत्साहनका लागि बिदा बढाउन लागिएको जनाएको छ। 'नेपालको पछिल्लो जनगणना अनुसार नेपालको जनसंख्या वृद्धिदर निरन्तर घट्दो क्रममा रहेको हुनाले जनसंख्या वृद्धिका लागि बिदा प्रोत्साहन समेतका व्यवस्था हुने गरी कानूनमा संशोधन गर्न आवश्यक रहेको छ,' विधेयक ल्याउनुको उद्धेश्य र कारण खुलाउँदै स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले लेखेकी छन्।

प्रतिनिधिसभामा सांसदहरूले विधेयकमाथि उठाएका प्रश्नहरूको जवाफ दिँदै मन्त्री मेहताले भनिन्, '६ महिनाको सुत्केरी बिदाको विषयलाई हामीले केवल कर्मचारीलाई दिइने सुविधा वा बिदाको रुपमा मात्र बुझ्नु हुँदैन। यो मातृत्वको सम्मान, आमा र नवजात शिशुको स्वास्थ, पोषण तथा राज्यको दीर्घकालीन मानव पुँजी निर्माणसँग जोडिएको महत्त्वपूर्ण विषय हो।' बिदा बढाउने विषयलाई भोलिका लागि मानव पुँजीमा गरिएको लगानीको रुपमा बुझ्नुपर्ने उनको भनाइ छ।

'कानुन निर्माण गर्दा आजको आवश्यकता मात्र हेर्नु हुँदैन, भोलिको समाज कस्तो बनाउने भन्ने दृष्टिकोण पनि राख्नु पर्दछ,' मन्त्री मेहताले भनिन्, 'हामी स्वस्थ, सक्षम र उत्पादनशील जनशक्ति निर्माण गर्न चाहन्छौं। आमा र बच्चाको स्वास्थ्यमा गरिने लगानी भोलिको मानव पुँजीमा गरिएको लगानी हो।'

नेपालमा राष्ट्रिय जनगणना सुरु भएको ११५ वर्ष भएको छ। पछिल्लो जनगणना अनुसार नेपालको जनसंख्या वृद्धिदर एक प्रतिशत भन्दा कम छ। सुरुका जनगणनाहरूमा जनसंख्या वृद्धिदर ऋणात्मक थियो। जस्तो सन् १९२१ मा माइनस ०.१३ प्रतिशत र १९३१ मा माइनस ०.०७ थियो।

त्यसपछि भने वृद्धिदर निरन्तर धनात्मक छ। सन् १९४१ मा १.१६, १९५१ मा २.२७, १९६१ मा १.६४, १९७१ मा २.०५ र १९८१ मा २.६२ प्रतिशत थियो। १९९१ मा २.०८ प्रतिशत, २००१ मा २.२५, २०११ मा १.३५ र २०२१ मा ०.९२ प्रतिशत पुग्यो। पछिल्लो आठ दशकमा नेपालको जनसंख्या वृद्धिदर पहिलो पटक १ प्रतिशतभन्दा तल झरेको हो। त्यतिमात्र होइन देशभरीका ३४ जिल्ला र ३१९ पालिकाको जनसंख्या वृद्धिदर ऋणात्मक छ।

वृद्धिदर घटेको भन्दै केही पालिकाहरूले प्रोत्साहन भत्ता लगायतका कार्यक्रम ल्याएका छन्।

### आफैं घटेन जनसंख्या

नेपालमा १९११ मा राष्ट्रिय जनगणना सुरु हुनुभन्दा एघार दशक पहिले थोमस रोबर्ट माल्थस्को जनसंख्या सम्बन्धी पुस्तक आयो– एन एस्ये अन दि प्रिन्सिपल अफ पपुलेसन। जसमा उनले जनसंख्या वृद्धि ज्यामितीय रुपमा र खाद्यान्न वृद्धि अंकगणतीय रुपमा मात्र हुन्छ भन्ने व्याख्या गरे। जनसंख्या १, २, ४, ८, १६ हुँदै बढ्दा खाद्यान्न १, २, ३, ४, ५ गर्दै बढ्छ र कालान्तरमा भोकमरी लगायतका संकट निम्तिने निश्कर्ष निकाले।

माल्थसले जनसंख्या वृद्धिलाई दुई तरिकाले नियन्त्रण (चेक) हुने बताएका छन्। पहिलो, प्राकृतिक र दोस्रो, कृत्रिम। बाढी–पहिरो, भूकम्प, महामारी–रोगव्याधी आदिलाई उनले प्राकृतिक चेक भनेका छन्। उनले सुझाएको कृत्रिम उपाय हो–प्रजननमा नियन्त्रण। जसमा ढिलो विवाह गर्ने, विवाह नै नगर्ने, गरे पनि सन्तान नजन्माउने वा जन्माए पनि थोरै मात्र जन्माउने।

माल्थसको यो सिद्धान्तको ठीक सात दशकपछि सन् १९६८ मा 'दि पपुलसेन बम' लेखेका पल एर्लिचले तीव्र जनसंख्या बृद्धिले भोकमरी, खाद्यान्न संकट र प्राकृतिक स्रोतको संकट निम्त्याउने चेतावनी दिए। जनसंख्या धेरै छिटो वृद्धि हुँदा पृथ्वीका स्रोधसाधनले सबै मानिसलाई धान्न कठिन हुन्छ भन्ने एर्लिचको अवधारणाले गर्भनिरोधक, परिवार नियोजन र जनसंख्या नियन्त्रणको बहसलाई बल दियो।

बेलायती अर्थशास्त्री माल्थस र अमेरिकी जीववैज्ञानिक एर्लिचको अवधारणाको असर एसियाली देशमा छिट्टै देखियो। एर्लिचको 'दि पपुलेसन बम' प्रकाशित भएको केही वर्षमै भारतमा इन्दिरा गान्धीले आक्रमक नसबन्दी कार्यक्रम लागु गरिन्। १९७५ मा सुरु भएको संकटकालको मौका छोपेर यस्तो कार्यक्रम ल्याएर लाखौं मान्छेहरुलाई जबरजस्ती नसबन्दी गराइएको जानकारहरू बताउँछन्

भारतको नसबन्दीका एकाध वर्षमै चीनले एक सन्तान नीति लियो। १९७९ पछि चीनमा एकभन्दा बढी सन्तान जन्माउनेलाई जरिवाना र जबरजस्ती गर्भपतन समेत गराइएको जनसंख्याविद्हरू बताउँछन्। जनसंख्या नियन्त्रण नीति सुरुदेखि नै समान र साधनस्रोतसँग मात्र सम्बन्धित थिएन। त्यसको सबैभन्दा ठूलो उदाहरण हो, युरोप–अमेरिकामा चलेको युजेनिक्सको नारा। सीमान्तकृत वा लक्षित समुदायका मानिसहरूलाई सन्तान जन्माउन निरुत्साहित गर्ने र कथित उच्च नश्ललाई प्रजननमा प्रोत्साहित गर्ने नीति नै युजेनिक्स हो।

यसको चरम रुप नाजी जर्मनीको जनसंख्या नीतिहरूमा देखिएका थिए। आनुवंशिक गुणस्तर सुधार गर्ने नाममा अर्को समूहको जनसंख्या निमिट्यान्ट पारेको भन्दै युजेनिक्सको आलोचना भयो। जनसंख्याको राजनीति दोस्रो विश्वयुद्ध पछि यति डरलाग्दो बन्यो कि नेपाल लगायतका ग्लोबल साउथ ( आफूलाई पहिलो विश्व भन्नेहरूका शब्दमा तेस्रो विश्व)को जनसंख्यालाई राजनीतिक अस्थिरता, गरिबी जस्ता समस्याको कारक भनेर प्रचार गरियो।

यस्तो विषयलाई बढावा दिने अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको दवदवामा नेपाल पनि पर्‍यो। नेपालमा पञ्चवर्षीय योजना सुरु हुँदा दोस्रो विश्वयुद्ध सकिएको एक दशक भएको थियो। सन् १९५६ मा सुरु भएको पहिलो पञ्चवर्षीय योजनाकालमै नेपाल तीव्र जनसंख्या वृद्धिको विपक्षमा देखियो। पहिलो पञ्चवर्षीय योजना नसकिदै सन् १९५९ मा नेपाल परिवार नियोजन संघ स्थापना भयो। शब्दकोश अनुसार 'नियोजन'को अर्थ हो–नियन्त्रण, गर्वधारणविरुद्ध गरिने व्यवधान, निरोध।

परिवार नियोजन संघ स्थापना किन भयो भन्ने यसको नामबाटै प्रष्ट छ। कम्तिमा तीन दशक नेपालले जनसंख्या नियन्त्रण नीति लिएको देखिन्छ। 'पहिलो पञ्चवर्षीय योजनादेखि पाँचौं योजनासम्ममा बसाइसराइ र परिवार नियोजन तथा मातृशिशु सम्बन्धी कार्यक्रममा जोड दिइएको थियो,' राष्ट्रिय जनसंख्या नीति, २०७१ मा भनिएको छ। सन् १९९० को राजनीतिक परिवर्तनपछि बल्ल नेपाल परिवार नियोजन संघले आफ्नो उद्धेश्य जनसंख्या नियन्त्रण भन्दा प्रजनन स्वास्थ्य भएको बताउन थाल्यो।

खासगरी कायरो सम्मेलनपछि व्यक्तिको प्रजनन अधिकार, महिला सशक्तिकरण, स्वास्थ्य तथा स्वेच्छिक परिवार नियोजनको बहसले व्यापकता पायो। त्रिभुवन विश्वविद्यालयबाट अवकाश प्राप्त जनसंख्याविद् डा. बालकृष्ण माबुहाङ धनीमानी र निश्चित भूगोलका मान्छे सभ्य हुन्छ भन्ने युरोप–अमेरिको युजेनिक्सको जबरजस्त प्रभाव नेपालमा पनि देखिएको बताउँछन्।

'युजेनिक्सको चंगुलमा परेर हामीले पनि धेरै भए दिक्क, थोरै भए ठीक्क भन्ने नीति लियौं,' डा. माबुहाङ भन्छन्, 'युरोपियन–अमेरिकन नश्ल राम्रो र एसियन–अफ्रिकन नश्ल कमसल भन्ने नश्ल सुधारवादी युजेनिक्स नारा गलत थियो भन्ने पुष्टि भइसकेको छ।' 'सन्तानले डाँडाकाँडा ढाकुन्' भन्ने अवधारणा सही थियो की थिएन भनेर गहन चिन्तन र छलफल नगरी नेपाल अरुको लहैलहैमा लागेको माबुहाङको भनाइ छ।

### सहज छैन जनसंख्या वृद्धिदर

नेपालले सन् १९६० को दशकदेखि लगातार तीन दशकसम्म जन्मदर घटाउन आक्रमक नीति लिएको थियो। त्यतिबेला सरकारले धेरै सन्तान हुनु भनेको असभ्य, अशिक्षित, विपन्न र पिछडिनुको द्योतक हो भनेर जोडतोडले प्रचार प्रसार गर्‍यो। थोरै सन्तान जन्माउनुलाई विकास र समद्धिको सूचकको रुपमा व्याख्या गरियो।

नियन्त्रणको नीतिको प्रभाव तीन–चार वटा जनगणनापछि नै देखिन थाल्यो। राष्ट्रिय तथ्यांक कार्यालयको अभिलेख अनुसार १९८१ को जनगणनाको वृद्धिदर २.६२ प्रतिशत नै नेपालको सर्वाधिक उच्च वृद्धिदर हो। यो दर २००१ मा आईपुग्दा २.२५ प्रतिशत, २०११ मा १.३५ प्रतशित हुँदै २०२१ मा ०.९२ प्रतिशत झर्‍यो।

घट्दो जनसंख्या वृद्धिदर नेपालको मात्र समस्या होइन। विश्वका विभिन्न देशले सन्तान जन्माउन प्रोत्साहित गर्ने नीति लिएको देखिन्छ। प्रसुति बिदा, आर्थिक प्रोत्साहन, कर छुट, प्रजनन उपचारमा अनुदान, सन्तान जन्माएपछि आमाबाबुलाई रोजगारी, सन्तानको शिक्षा–स्वास्थ्य–रोजगारको सुनिश्चितता जस्ता प्रोत्साहन कार्यक्रम ल्याउने गरेका छन्।

दशकौंदेखि योजनाबद्ध रुपमा घटाएको जनसंख्या वृद्धिदर प्रोत्साहन भत्ता वा प्रसुति बिदा बढाएर उल्टाउन सम्भव छ त ? असम्भव नै नभए पनि सामान्तया जनसंख्या वृद्धिदर बढाउने योजना सफल नभएको विभिन्न अध्ययन तथा जनसंख्याविद्हरूको निचोड छ। जनसंख्या वृद्धिदर बढाउने कार्यक्रम भने 'दुई सन्तान, ईश्वरको वरदान' जस्तो प्रभावी नहुने विभिन्न अध्ययनहरूले देखाएका छन्। संयुक्त राष्ट्र संघको एउटा प्रतिवेदनमा जनसंख्या दर बढाउने कार्यक्रम सहज नभएको उल्लेख छ।

राष्ट्र संघको 'वर्ल्ड पपुलेसन पोलिसी २०२१ः पोलिसी रिलेटेड टु फर्टिलिटी'मा भनिएको छ, 'प्रजनन दर घटाउने विभिन्न दृष्टिकोण तथा पहलहरूले विश्वव्यापी रुपमा नतिजा देखाएका भए तापनि सामाजिक, आर्थिक र सांस्कृतिक रुपान्तरणका कारण कुल प्रजनन दरमा आएको दीर्घकालीन घट्दो प्रवृत्तिलाई उल्ट्याउन भने धेरै कठिन सावित भएको छ।'

–बाँकी तीन पेजमा

# श्री आधारभूत विद्यालय खजनपुर

**औरही गा.पा.-३, खजनपुर** **वि.कोड नं. १६०८६००२**

**सिरहा, मधेश प्रदेश (नेपाल)**

**खुल्ला विज्ञापन गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस विद्यालयमा रिक्त रहेको प्रा.शि. तृतीय श्रेणी राहत अनुदान कोटाको पदपुर्तिको लागि गाउँ कार्यपालिकाको कार्यालय औरही, सिरहाको मिति २०८३-०६-१२ को विज्ञापन अनुमति पत्र तथा यस विद्यालयको वि.व्य.स.को मिति २०८३-०६-२० गतेको निर्णय बमोजिम तपसिल अनुसारका योग्यता पुगेका उम्मेदबारहरुलाई दरखास्त पेश गर्न यो विज्ञापन प्रकाशन गरिएको छ। म्याद नाधि आएको र रित नपुगेको आवेदन उपर कुनै कारबाही नहुने व्यहोरा सुचित गरिन्छ।

**तपसिलः**

१. विज्ञापन नं.: ०१/०८३-०८४
२. तहः प्रा.शि. तृतीय (राहत अनुदान)
३. श्रेणीः तृतीय
४. पद संख्याः एक (१)
५. नियुक्तिको किसिमः अस्थायी करार
६. शैक्षिक योग्यताः आई. एड. वा सो सरह
७. उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
८. आवेदन दस्तुरः रु १,०००।- (अक्षरेपीः एक हजार रुपैया मात्र)
(नोटः यस विद्यालयको चल्ती हिसाब नं. ११२००७२८६४८०००११ मा एन.एम.बि. बैंक शाखा औरहीमा जम्मा गरेको सक्कल भौचर थान एक आवेदन साथ पेश गर्नुपर्नेछ।
९. परीक्षाको किसिमः लिखित, अन्तवार्ता आवश्यक परेमा प्रयोगात्मक समेत हुनेछ।
१०. तलब भत्ता वा अन्य सेवा सुविधाः नेपाल सरकारको प्रचलित स्केल बमोजिम रहनेछ।
११. आवेदन पेश गर्ने स्थानः श्री आ.वि. खजनपुर, औरही गा.पा.-३, औरही, सिरहा।
१२. आवेदन दिने मितिः २०८३-०६-२१ गते देखि २०८३-०७-०४ गते सम्म।
१३. सम्पर्क मितिः पछि तोकिनेछ।
१४. परीक्षा मिति र स्थानः सम्पर्क मितिको दिन तोकिनेछ।
१५. आवेदन साथ संलग्न गनुपर्ने कागजातहरुः
- शिक्षक पदका लागि हस्त लिखित निवेदन।
- नेपाली नागरिकताको प्रतिलिपी थान १ (एक)।
- शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपी थान १ (एक)।
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपी थान १ (एक)।
- निरोगिता प्रमाण पत्रको प्रतिलिपी थान १ (एक)।

१६. आवेदकले दरखास्त फारममा फोटो टाँसी एउटा नेपाली फाईलमा आवश्यक कागजातहरु थप (२) दुई वटा फोटो सहित पेश गनुपर्नेछ।
१७. थप जानकारीको लागि सम्पर्क नं.: ९८१४७७३१५१, ९७०४६०८२५०, ९८०७७२१०४३ र ९८१९७७७५१

सिताराम यादव
(वि.व्य.स. अध्यक्ष)

उमेन्द्र कुमार यादव
(प्रधानाध्यापक)


# कांग्रेसको १५औँ महाधिवेशनमा मधेसी समूहबाट सहमहामन्त्रीका लागि ८ जनाबिच प्रतिस्पर्धा, कसले मार्ला बाजी ?

जनकपुरधाम, २२ असोज। नेपाली कांग्रेसको १५औँ महाधिवेशनमा मधेसी समूहबाट सहमहामन्त्री पदका लागि ८ जना उम्मेदवार चुनावी मैदानमा छन्। सहमहामन्त्रीका लागि पूर्वसहमहामन्त्री महेन्द्र यादवसहित अजयकुमार चौरसिया, नागिना यादव, किरण यादव, अभिषेकप्रताप शाह, रामपल्टन साह, मनिषकुमार मिश्र र मुक्ताकुमारी यादवले उम्मेदवारी दिएका छन्।

मतदानबाट यीमध्ये एक जना सहमहामन्त्रीमा निर्वाचित हुनेछन्। मधेसी क्लस्टरबाट एक जना निर्वाचित हुने भएकाले यी ८ जनामध्ये मधेसी समूहको मत कसको पक्षमा जाने भन्ने विषयलाई कांग्रेसभित्र चासोका साथ हेरिएको छ। यस पटकको प्रतिस्पर्धामा कांग्रेसको पुरानो संगठनबाट आएका अनुभवी नेतादेखि अन्य राजनीतिक दल हुँदै कांग्रेसमा आएका र नयाँ पुस्ताका नेतासम्म मैदानमा छन्। त्यसैले यो चुनावले मधेसमा कांग्रेसको पुरानो संगठन, व्यक्तिगत प्रभाव र नयाँ राजनीतिक पुस्ताबिचको प्रतिस्पर्धालाई समेत देखाउने कांग्रेसका स्थानीय नेताहरूको बुझाइ छ।

**महेन्द्र यादव : संगठनको लामो अनुभव**

उम्मेदवारमध्ये धनुषाका महेन्द्र यादवलाई लामो समयदेखि कांग्रेसमा सक्रिय र संगठनको राम्रो अनुभव भएका नेताका रूपमा हेरिएको छ। उनी १४औँ महाधिवेशनमा मधेसी क्लस्टरबाट सहमहामन्त्री निर्वाचित भएका थिए। यसपटक पनि उनले सोही पदमा पुनः उम्मेदवारी दिएका छन्।

यादव विद्यार्थी राजनीतिबाट कांग्रेसमा सक्रिय हुँदै नेपाल तरुण दलको केन्द्रीय अध्यक्षसमेत भइसकेका छन्। उनी संविधानसभा तथा व्यवस्थापिका–संसदका सदस्य र खानेपानी तथा सरसफाइमन्त्रीसमेत भइसकेका छन्। लामो समय कांग्रेसको संगठनमा काम गरेका यादवले पछिल्लो समय पार्टीभित्र एकता र साझा नेतृत्वको पक्षमा आफूलाई उभ्याउँदै आएका छन्।

यसपटक गगन थापा नेतृत्वको कांग्रेसमा सहभागी हुँदै उनले मधेसमा पार्टीको संगठन र जनाधार थप बलियो बनाउने उद्देश्यले सहमहामन्त्रीमा पुनः उम्मेदवारी दिएको उनले बताए। कांग्रेसका केही प्रतिनिधिले पनि लामो संगठनात्मक अनुभवका कारण यादवलाई बलियो प्रतिस्पर्धीका रूपमा हेरेका छन्।

**अजयकुमार चौरसिया : कांग्रेस–सद्भावना–कांग्रेस**

पर्साका अजयकुमार चौरसिया पनि कांग्रेसका पुराना राजनीतिक अनुहार हुन्। उनको राजनीतिक यात्रा कांग्रेसबाटै सुरु भएको थियो। २०४८ सालको निर्वाचनताका टिकट नपाएपछि उनी सद्भावना पार्टीको राजनीतिमा लागेका थिए। पछि पुनः कांग्रेसमा फर्किएका चौरसियाले महासमिति सदस्यदेखि केन्द्रीय सदस्यसम्मको जिम्मेवारी सम्हालेका छन्। उनी सांसद र मन्त्रीसमेत भइसकेका छन्। लामो संसदीय तथा संगठनात्मक अनुभवलाई आधार बनाएर उनी सहमहामन्त्रीको दौडमा छन्।

**नागिना यादव : नेविसंघबाट महिला नेतृत्वसम्म**

महोत्तरीकी नागिना यादव विद्यार्थी राजनीतिबाट कांग्रेसमा आएकी नेतृ हुन्। उनले २०५३ सालमा नेपाल विद्यार्थी संघबाट राजनीतिक यात्रा सुरु गरेकी थिइन्। १४औँ महाधिवेशनबाट मधेसी महिला कोटामा केन्द्रीय सदस्य बनेकी यादव पछिल्लो समय कांग्रेसको केन्द्रीय राजनीतिमा सक्रिय रहँदै आएकी छन्।

**किरण यादव : संविधानसभा हुँदै केन्द्रीय राजनीतिमा**

महोत्तरीकै किरण यादव पनि लामो समयदेखि संसदीय राजनीतिमा सक्रिय नेतृ हुन्। पहिलो संविधानसभा निर्वाचनपछि संविधानसभा सदस्य बनेकी उनी दोस्रो संविधानसभामा पनि निर्वाचित भएकी थिइन्। यसअघि शेखर कोइराला समूहसँग नजिक रहेकी यादव अहिले गगन थापा नेतृत्वको महाधिवेशन प्रक्रियामा सहभागी भएकी छन्।

**अभिषेकप्रताप शाह : फोरमबाट कांग्रेससम्म**

कपिलवस्तुका अभिषेकप्रताप शाहको राजनीतिक पृष्ठभूमि भने कांग्रेसभन्दा फरक छ। उनले तत्कालीन मधेसी जनअधिकार फोरम नेपालको विद्यार्थी संगठनबाट राजनीतिक यात्रा सुरु गरेका थिए। संविधानसभा सदस्य बनेका शाह २०७४ सालको प्रतिनिधिसभा निर्वाचनअघि कांग्रेसमा प्रवेश गरेका थिए। त्यसपछि कांग्रेसबाटै संसदीय राजनीतिमा सक्रिय रहँदै आएका उनी अहिले सहमहामन्त्रीको प्रतिस्पर्धामा छन्।

**रामपल्टन साह : नयाँ पुस्ताको अनुहार**

धनुषाका रामपल्टन साह कांग्रेसभित्र नयाँ पुस्ताका नेताका रूपमा अगाडि आएका छन्। उनको राजनीतिक यात्रामा स्वर्गीय नेता प्रदीप गिरीको प्रभाव रहेको बताइन्छ। विशेष महाधिवेशनका क्रममा पार्टीभित्र नेतृत्व परिवर्तन र संगठन सुधारको बहसमा सक्रिय रहेका साह त्यसपछि मधेसी खुलातर्फ केन्द्रीय सदस्य बनेका थिए। तुलनात्मक रूपमा छोटो राजनीतिक यात्रामै पदाधिकारीका लागि उम्मेदवारी दिएका कारण उनको उम्मेदवारीलाई नयाँ पुस्ताको दाबीका रूपमा हेरिएको छ।

**मनिषकुमार मिश्र : लोसपाबाट कांग्रेसमा छिर्दै पदाधिकारीमा दाबी**

सर्लाहीका मनिषकुमार मिश्र भने पछिल्लो समय कांग्रेसमा प्रवेश गरेका नेतामध्ये हुन्। उनी यसअघि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) मा महासचिवको जिम्मेवारीमा थिए। प्रतिनिधिसभा निर्वाचनअघि कांग्रेसमा प्रवेश गरेका मिश्रलाई सभापति गगन थापाले पार्टी प्रवेशसँगै केन्द्रीय सदस्यमा मनोनयन गरेका थिए। कांग्रेसमा आएको छोटो समयमै सहमहामन्त्रीमा उम्मेदवारी दिएपछि उनको दाबीलाई नयाँ राजनीतिक पुस्ताको महत्त्वाकाङ्क्षी प्रवेशका रूपमा हेरिएको छ।

**मुक्ताकुमारी यादव : मधेसी महिला प्रतिनिधित्व**

धनुषाकी मुक्ताकुमारी यादव कांग्रेसभित्र मधेसी महिला नेतृत्वका रूपमा परिचित छन्। उनी १४औँ महाधिवेशनबाट मधेसी महिला कोटामा केन्द्रीय सदस्य बनेकी थिइन्। पछिल्लो विशेष महाधिवेशनबाट मधेसी क्लस्टरतर्फ सहमहामन्त्री निर्वाचित भएकी यादवले यसपटक पनि सहमहामन्त्री पदमा उम्मेदवारी दिएकी छन्।

यसरी मधेसी समूहबाट सहमहामन्त्रीका लागि मैदानमा रहेका ८ उम्मेदवारको राजनीतिक पृष्ठभूमि र संगठनात्मक अनुभव फरक–फरक छ। कोही लामो समयदेखि कांग्रेसको संगठनमा सक्रिय छन् भने कोही अन्य दल हुँदै कांग्रेसमा आएका छन्। त्यस्तै, केही उम्मेदवार नयाँ पुस्ताको प्रतिनिधित्व गर्दै पदाधिकारीमा पुग्ने प्रयासमा छन्।

त्यसैले आज हुने मतदानमा व्यक्तिगत लोकप्रियता, संगठनमा रहेको प्रभाव, प्रतिनिधिहरूसँगको सम्बन्ध र विगतको राजनीतिक योगदानमध्ये कुन पक्ष निर्णायक बन्छ भन्ने विषय महत्त्वपूर्ण बनेको छ। मधेसी समूहबाट सहमहामन्त्रीमा कसले बाजी मार्छ भन्ने परिणामले कांग्रेसको मधेस संगठनमा आगामी नेतृत्व र शक्ति सन्तुलनको संकेतसमेत दिने कांग्रेसभित्र चर्चा छ।

## *बिदा थपिँदा ...*

जनसंख्याका प्राध्यापक डा. योगेन्द्रबहादुर गुरुङ घटीसकेको जनसंख्या वृद्धिदरलाई बढाउन फलामको चिउरा चपाउनु सरह हुने बताउँछन्। 'यद्यपि प्रजनन दर बढाउन ल्याइने प्रोत्साहन कार्यक्रमहरू वृद्धिदर स्थिर राख्न भने काम लाग्न सक्छन्,' गुरुङ भन्छन्। प्राध्यापक गुरुङले भने जस्तै फ्रान्स, जर्मनी, हंगेरी जस्ता देशहरू वृद्धिदर घट्न नदिन सफल भएको देखिन्छ। तर त्यस्तो दरलाई दीर्घकालीन र स्थिर राख्न भने सम्भव नहुने जानकारहरू बताउँछन्।

कर्मचारीलाई सुविधा दिनु राम्रो विषय भए पनि त्यसलाई समग्र जनसंख्या वृद्धिदरको समाधानको रुपमा लिन नहुने गुरुङ बताउँछन्। उनी भन्छन्, 'अहिलेको जस्तो खुला र स्वतन्त्र समाजमा जनसंख्या बढाउनु पर्छ वा घटाउनु पर्छ भन्ने कपटपूर्ण नीति बनाउनु राम्रो होइन।' विवाह ढिलो गर्ने, विवाह नै नगर्ने, विवाह गरे पनि सन्तान नजन्माउने वा कम जन्माउने चलन बढ्न थालेको समाजशास्त्रीहरू बताउँछन्।

१९९४ मा कायरोमा सम्पन्न जनसंख्या तथा विकाससम्बन्धी सम्मेलनपछि नेपालले २० वर्षे (२०६७-०८७) दीर्घकालीन योजना सुरु गऱ्यो। त्यसअघि १९९२ मा आठौं पञ्चवर्षीय योजनाबाटै जनसंख्याको महत्त्वलाई स्विकार्दै राष्ट्रिय नीतिमा स्थान दिन थालिएको थियो। संसद्मा दर्ता भएको मातृत्व सुरक्षा सम्बन्धी विधेयक मात्र होइन, त्यसअघिका राष्ट्रिय जनसंख्या नीतिहरू हेर्दा पनि जनसंख्या वृद्धिदर बढाउने प्रयास हुन थालेको देखिन्छ।

राष्ट्रिय तथ्यांक कार्यालयले आउँदो १५ वर्षमा प्रजनन दर १.१३ देखि २.१ जनाको बीच रहने प्रक्षेपण गरेको छ। कार्यालयको पपुलेसन पोजेक्सन फर २०२१-२०५१ अनुसार अबको २५ वर्षमा नेपालको कुल जनसंख्या ३ करोड ३५ लाख पुग्न सक्नेछ। जनसंख्याविद्हरूको जनसंख्या कति चाहिन्छ भन्ने कुरालाई निरपेक्ष रुपमा हेर्न हुने बताउँछन्। डा. माबुहाङ भन्छन्, 'कुनै पनि देशको जनसंख्या धेरै, कम वा ठीक्क भन्ने नै हुँदैन। कति जनसंख्या आवश्यक हो भन्ने विषय त्यो मुलुकमा उपलब्ध स्रोत साधन अवसर जस्ता कुरामा भरपर्दछ।'

जनसंख्या बहुपक्षीय सरोकारको विषय भएकाले नीति निर्माण गर्दा पर्याप्त बहस र छलफल अपरिहार्य देखिन्छ। अनलाइन खबरबाट

## *यौन दुर्व्यवहारको ...*

उनले भने, 'थप अनुसन्धानपछि मात्र के गर्ने भन्ने यकिन हुन्छ।'

पीडित नाबालिकाका आफन्तका अनुसार बुधबार बिहान करिब ९ बजेतिर आरोपी यादव घुम्दै घर आएका थिए। 'सन्चो–बिसन्चो के छ भन्दै सोधेर फर्किएका थिए,' आफन्तले भने, 'के थाहा उनको मनभित्र अर्कै कुरा खेलिरहेको रहेछ भन्ने।'

## *मधेशमा विश्वस्तरीय ...*

विषयमा निरन्तर समन्वय गर्दै आएको बताएका छन्। मधेश प्रदेशमा १०० वटा वा प्रत्येक क्षेत्रमा कम्तीमा दुईवटा अतिरिक्त विशिष्ट तथा विश्वस्तरीय विद्यालय स्थापना गर्ने सम्बन्धमा आवश्यक कागजात तथा प्रस्तावसमेत माग गरिएको र सम्बन्धित कागजात प्राप्त हुने प्रक्रिया अघि बढिरहेको उनले जानकारी दिएका छन्।

मधेशका विद्यार्थीलाई अध्ययनका लागि अन्य प्रदेश वा विदेश जानुपर्ने बाध्यता कम गर्दै आफ्नै प्रदेशमा अन्तर्राष्ट्रिय स्तरको शिक्षा उपलब्ध गराउने उद्देश्यले यस्तो पहल गरिएको यादवको भनाइ छ। शिक्षा नै मधेशको दीर्घकालीन विकास र समृद्धिको आधार भएकाले आधुनिक पूर्वाधार, प्रविधि, दक्ष जनशक्ति र गुणस्तरीय शिक्षासहितका विद्यालय निर्माणमा राज्यले विशेष प्राथमिकता दिनुपर्ने यादवको धारणा छ।


छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# कांग्रेस विभाजित भएको निधिको घोषणा, 'नयाँ घर' बनाउने



धनुषा, २२ असोज। नेपाली काङ्ग्रेसका नेता विमलेन्द्र निधिले पार्टी औपचारिक रूपमा विभाजित भएको घोषणा गरेका छन्। जनकपुरमा आयोजित एक कार्यक्रममा बोल्दै निधिले विशेष महाधिवेशनले काङ्ग्रेसलाई वैचारिक र सांगठनिक रूपमा दुई धारमा बाँडिदिएकाले अब 'नयाँ घर' निर्माणको दिशामा अघि बढ्नुको विकल्प नरहेको बताएका हुन्।

निधिले पार्टी विभाजनको मुख्य जिम्मेवार विशेष महाधिवेशन बोलाउने पक्ष नै रहेको आरोप लगाए। लोकतन्त्र केवल सिद्धान्त मात्र नभएर प्रक्रिया र पद्धति पनि भएको स्मरण गराउँदै उनले बहुमतका आधारमा मात्रै पार्टी नचल्ने तर्क गरे। निर्वाचन आयोगमा पेस गरिएको तथ्याङ्क अनुसार आफूहरूसँग ४६ प्रतिशतको बलियो आधार रहेको दाबी गर्दै उनले उक्त मतलाई बेवास्ता गरेर गरिएका निर्णयहरू अमान्य हुने जिकिर गरे।

विशेष महाधिवेशन र त्यसपछिका घटनाक्रमले पार्टीलाई जोड्न नसक्ने भएकाले नयाँ ढङ्गले साङ्गठनिक यात्रा तय गर्नुपर्नेमा उनले जोड दिए। 'विशेष महाधिवेशन बोलाउनेले नै पार्टी फुटाएको हो,' निधिले भने, 'हामीले सुरुदेखि नै प्रक्रियाको कुरा उठाउँदा बेवास्ता गरियो। पुराना पुस्ताका नेताहरू अझै जिम्मेवारी पूरा गर्दै हुनुहुन्छ, त्यसैले हामीले मिहिनेतका साथ नयाँ कार्यदिशा तय गर्नुपर्छ। गिरिजाबाबु र शेरबहादुरजी मिल्न तीन वर्ष लागेजस्तै परिस्थिति कहिले कस्तो हुन्छ भन्न सकिन्न। तर अहिले आफ्नो घरलाई अझ मजबुत बनाउनु र सङ्गठन निर्माण गर्नु नै हाम्रो प्राथमिकता हो।'

आगामी स्थानीय तहको निर्वाचनलाई लक्षित गर्दै निधिले कार्यकर्ताहरूलाई वडा तहबाटै नयाँ ऊर्जाका साथ खटिन निर्देशन दिए। युवा पुस्तालाई नेतृत्वमा ल्याउनुपर्नेमा जोड दिँदै उनले आफू वैचारिक रूपमा अझै सक्रिय रहेको र पार्टी पुनर्निर्माणका लागि प्रतिबद्ध रहेको बताए। पञ्चायत कालको उदाहरण दिँदै सङ्गठन बलियो भए जुनसुकै अवरोध पार गर्न सकिने भएकाले निराश नहुन उनले कार्यकर्ताहरूलाई आग्रह गरे।

# सरकार र सुक्खा बन्दरगाह मुआब्जा पीडितबिच सहमति

पर्सा, २२ असोज। सरकार र सिर्सियास्थित वीरगञ्ज सुक्खा बन्दरगाह (ड्राइपोर्ट)को लागि अधिग्रहण गरिएको जग्गा तथा भौतिक संरचनाको मुआब्जाको माग गर्दै धर्नामा रहेका पीडितबिच सहमति भएको छ। जिल्ला प्रशासन कार्यालय पर्साको कार्यकक्षमा भएको बुधबार भएको मुआब्जा संघर्ष समिति दुवै पक्षबीचको वार्तापछि चार बुँदे सहमति भएको हो।

सहमतिअनुसार २०८२ साल मंसिर २८ गते निर्णय गरी लेखी पठाइएको र हालसम्म उक्त जग्गाहरूको दर्ता गरी लालपुर्जा वितरण भएको नपाइएको भनी स्थानीय वासीले गुनासो गरेको र दर्ता बिनाको जग्गा र यसमा बनेका संरचनाको मुआब्जा/क्षतिपूर्ति प्रदान गर्न समस्या देखिएकाले भूमि प्रशासन कार्यालय, पर्साले तालुक निकायमा यथाशीघ्र पुनः ताकेता गर्ने निर्णय गरिएको छ।

प्रमुख जिल्ला अधिकारी भोला दाहाल र संघर्ष समितिका अध्यक्ष अशोककुमार चौधरीलगायतको हस्ताक्षर भएको सो सहमतिपत्रमा भनिएको छ - सहमतिमा भएको मिति २०७६ माघ ६ मा गठित घर, गोठ, संरचना आदिको क्षतिपूर्ति निर्धारण उपसमितिले पेस गरेको प्राविधिक प्रतिवेदनमा उल्लेखित घर, गोठ, टहरा तथा संरचनाको घरधनी/जग्गाधनीको घर निर्माण वर्ष यकिन गर्ने भनी च.नं. १३१, मिति २०८३ असोज १६ गते वीरगञ्ज महानगरपालिकाको नगर कार्यपालिकाको कार्यालय र वीरगञ्ज महानगरपालिका-२५ वडा कार्यालयलाई गरिएको पत्राचारको यस समितिबाट समर्थन गर्ने निर्णय गरियो।

त्यसैगरी मिति २०७६ माघ ६ मा गठित घर, गोठ, संरचना आदिको क्षतिपूर्ति निर्धारण उपसमितिले पेस गरेको प्राविधिक प्रतिवेदनमा उल्लेखित घर, गोठ, टहरा तथा संरचनाले ओगटेको जग्गाको स्वामित्व र कित्ता एकिन गर्ने भनी च.नं.१३२, मिति २०८३ असोज१६ गते नापी कार्यालय, वीरगञ्ज पर्सालाई गरिएको पत्राचारको यस समितिबाट समर्थन गर्ने निर्णयपनि भएको छ।

स्थानीय पीडितले जिल्ला प्रशासन कार्यालयदेखि सरकारका सम्बन्धित निकायसम्म पटक-पटक छलफल, वार्ता तथा सम्झौता भए पनि त्यसको कार्यान्वयन नभएको भन्दै स्थानीयले मुआब्जाको गर्दै ड्राइपोर्टको मुख्य ढोकामै सोमबारदेखि धर्ना दिँदै आएका थिए।

# विपन्न गृहिणीका लागि बाख्रापालन आम्दानीको माध्यम बन्दै

रौतहट, २२ असोज। घरायसी काम सकेपछि बाँकी रहेको समयलाई आयआर्जनमा लगाएका रौतहटको उत्तरी भेगका विपन्न गृहिणीका लागि बाख्रापालन आम्दानीको भरपर्दो माध्यम बन्दै गएको छ। घरमै बाख्रा पाल्ने, जङ्गल तथा सामुदायिक वनबाट घाँसको व्यवस्था गर्ने र तयार भएका खसी-बोका गाउँघरबाटै बिक्री हुने भएपछि ती महिलालाई सानातिना आर्थिक आवश्यकता पूरा गर्न श्रीमान्को भर पर्नुपर्ने अवस्था घट्दै गएको छ।

चन्द्रपुर, गुजरा र वृन्दावन नगरपालिकाका वन क्षेत्रसँग जोडिएका बस्तीका विपन्न गृहिणी महिलाले बाख्रापालन गरी आम्दानी गर्न थालेका छन्। कम लगानीमा घरमै गर्न सकिने र बजारको समेत समस्या नरहेको भन्दै उनीहरूले बाख्रापालनलाई आम्दानीको स्रोत बनाएका हुन्।

गुजरा नगरपालिका-रङ्गपुरकी जयन्तीमाला चौधरी भन्नुहुन्छ, "बिहान-बेलुकाको घरधन्दा सकेपछि बाख्राको स्याहारसुसार गर्ने, जङ्गल तथा सामुदायिक वनमा चराउन लैजाने र आवश्यकता अनुसार घाँस काटेर ल्याउँछौं। घाँस र चरनको सहजताले बाख्रापालनमा हुने खर्च कम हुने भएकाले यस क्षेत्रका अधिकांश विपन्न महिला बाख्रापालनमा संलग्न छन्। मासु व्यवसायी तथा उपभोक्ताले घरमै आएर किनेर लैजाने भएकाले खसी-बोका बिक्री गर्न बजार खोज्दै हिँड्नुपर्ने अवस्था पनि छैन।"



यसैगरी, चन्द्रपुर नगरपालिका-३ गैँडाटारकी आसमायाँ तामाङले घरमा त्यसै बसिरहनुभन्दा आयमूलक काम गर्ने सोचले बाख्रापालन सुरु गरेको बताउनुभयो। उहाँका अनुसार खसी-बोका बिक्रीबाट वार्षिक ६० हजार रुपियाँभन्दा बढी आम्दानी हुने गरेको छ। उहाँको खोरमा अहिले साना-ठुला गरी २० वटाभन्दा बढी स्थानीय जातका बाख्रा छन्। सहजै पाल्न सकिने भएकाले गाउँका करिब २५-३० जना महिलाले बाख्रापालन गरेको उहाँले बताउनुभयो।

यस्तै, चन्द्रपुर नगरपालिका-२ जुडीबेलाकी प्रमिला चौधरीले पनि फुर्सदको समय सदुपयोग गर्दै बाख्रापालनलाई आम्दानीको माध्यम बनाउनुभएको छ। घर नजिकै चुरे तथा सामुदायिक वन रहेकाले घाँसको सहज उपलब्धता हुनु बाख्रापालनका लागि ठूलो सुविधा भएको उहाँले बताउनुभयो। उहाँ भन्नुहुन्छ, "दुई वर्षदेखि बाख्रापालन व्यवसायमा संलग्न छु। बाख्रा बिक्री हुन थालेपछि सानोतिनो घरखर्च र बाबुनानीको पढाइ खर्चका लागि श्रीमान्को मुख ताक्नुपर्ने अवस्था परेको छैन।" बाख्रापालनबाट हुने आम्दानीले परिवारको आर्थिक अवस्था सुधारिनुका साथै श्रीमान्को आम्दानी बचत गर्नसमेत सहज भएको वृन्दावन नगरपालिका-बलेरीखोरकी सङ्गीता दनुवारको भनाइ छ।

वन क्षेत्रसँग जोडिएका बस्तीका विपन्न महिलाका लागि बाख्रापालन केवल घरायसी पशुपालनमा सीमित नभई आर्थिक आत्मनिर्भरताको माध्यमसमेत बनेको छ। घरमै उपलब्ध श्रम, वन क्षेत्रबाट सहजै प्राप्त हुने घाँस र स्थानीय बजारमै खसी-बोकाको माग हुने भएकाले उक्त क्षेत्रका महिलाले बाख्रापालनलाई विस्तारै व्यावसायिक रूप दिन थालेको चन्द्रपुर नगरपालिकाको कृषि विकास शाखाका प्रमुख सन्दीप सापकोटाले बताउनुभयो।

# ब्राउनसुगरजस्तो पदार्थसहित दुईजना पक्राउ

लहान, २२ असोज। सिराहा प्रहरीले दक्षिणी सीमावर्ती क्षेत्रबाट ठुलो परिमाणमा ब्राउनसुगरजस्तो पदार्थसहित दुईजनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार बुधबार साँझ प्रहरी चौकी लडिगोठबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा सिराहा नगरपालिका- १४ बस्ने अन्दाजी वर्ष १९ का सतिस दास र वर्ष ३५ का आइसोत मण्डललाई पक्राउ गरिएको हो।

लडिगोठबाट माडरतर्फ जाँदै गरेको दासले चलाएको स.८प ६२९६ नम्बरको मोटरसाइकल रोकेर चेकजाँच गर्दा मण्डलले लगाएको ज्याकेटको गोजीबाट प्लास्टिकको पोकामा प्याक गरिएको ब्राउनसुगरजस्तो देखिने (गिलो) पदार्थ प्लास्टिकबाहेक १४३.७४ ग्राम बरामद भएको सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

मोटरसाइकलमा रहेका दुईजनाको साथबाट ब्राउनसुगरजस्तो देखिने पदार्थसहित दुई थान स्क्रिनटच मोबाइलसमेत बरामद भएपछि जिल्ला प्रहरी कार्यालय सिराहामा ल्याई थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ।

# कुटपिटबाट श्रीमतीको मृत्यु, श्रीमान् पक्राउ

बारा, २२ असोज। निजगढ नगरपालिका१२ रामथली बस्ने ५५ वर्षीय विजय मोक्तानले घरायसी विवादका क्रममा आफ्नै श्रीमती ४७ वर्षीया सुकुमाया मोक्तानलाई कुटपिट गर्दा उनको मृत्यु भएको छ। हिजो बेलुका कुटपिटबाट सामान्य घाइते भएकी सुकुमायाको स्थानीय मेडिकलबाट चिकित्सकलाई घरमै बोलाई जाँच तथा औषधी उपचार गराइएको थियो। तर उठाउन खोज्दा नउठेपछि मृत्यु भएको जानकारी ६:४० बजे अस्थायी प्रहरी पोष्ट रतनपुरमा गराइएको थियो।

प्रहरीले कानुनी प्रक्रिया पूरा गरी शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल बारा पठाएको छ। घटनामा संलग्न विजय मोक्तानलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# हिउँदे मकैबालीमा फौजी किराको प्रकोप, किसान चिन्तित

सर्लाही, २२ असोज। सर्लाहीको चुरे क्षेत्रमा लगाइएको हिउँदे मकैबालीमा फौजी किराको प्रकोप देखिएपछि किसान चिन्तित बनेका छन्। फौजी किराले मकैको पात र गुबो खाएर बोट नै ठुटो बनाइदिएको किसानको गुनासो छ। उत्तरी चुरेभेगका घारिबथान, परवानीपुर, पत्थरकोट, नारायणखोला, अत्रौलीलगायत क्षेत्रका पाखोबारीमा लगाइएको हिउँदे साँठिया मकैबालीमा फौजी किराको प्रकोप देखिएको हो।

सिँचाइ सुविधा नभएको चुरे क्षेत्रमा किसानले असार-साउनमा आकाशे पानी परेर बारीमा चिस्यान भएपछि हिउँदे मकै लगाउने गरेका छन्। ईश्वरपुर नगरपालिका-१२, गुड्डुङ गाउँका वीरबहादुर थिङले पाखोबारीमा लगाएको मकैबालीमा फौजी किरा लागेर हैरान भएको बताउनुभयो।

पछिल्ला केही वर्षदेखि बर्खे तथा हिउँदे दुवै यामको मकैबालीमा फौजी किराको प्रकोप बढ्दै जाँदा उत्पादन घट्दै गएको थिङले बताउनुभयो। उहाँले भन्नुभयो, "पाँच-सात वर्षदेखि फौजी किराले अत्यधिक क्षति गरिरहेको छ। जति औषधी छर्किए पनि नियन्त्रण हुन सकेको छैन।"

फौजी किराले पात र गुबो खाएर मकैको बोट राम्रोसँग हुर्कन नदिँदा उत्पादन घटेको किसानले बताएका छन्। लालबन्दी नगरपालिकाको कृषि शाखाका प्रमुख गोकर्ण पौडेलले फौजी किराले मकैबालीलाई बढी क्षति पुर्‍याउने गरेको बताउनुभयो।

फौजी किरा नियन्त्रण गर्न एउटै प्रकारको कीटनाशक औषधि निरन्तर प्रयोग नगरी बर्सेनि औषधी परिवर्तन गर्नुपर्ने कृषि शाखा प्रमुख पौडेलको भनाइ छ। उहाँले भन्नुभयो, "जहिल्यै एउटैप्रकारको औषधि प्रयोग गर्दा फौजी किरा मर्दैन, बरु त्यसमा औषधि सहन सक्ने क्षमता बढ्दै जान्छ। प्राविधिकसँग सल्लाह गरेर हरेक वर्ष फरक-फरक औषधी छर्कनुपर्ने हुन्छ।"

कीटनाशक औषधी परिवर्तन गरी समयमै प्रयोग गर्न सके मकैबालीमा फौजी किराको प्रकोप कम गर्न सकिने पौडेलले बताउनुभयो। दुई वर्षअघि पाक्ने बेलाको धानबालीमा समेत फौजी किराले बालामा क्षति पुर्‍याएर व्यापक नोक्सानी गरेको भन्दै कृषि प्राविधिकले यसपटक धानबालीको नियमित निगरानी गर्न किसानलाई आग्रह गरेका छन्।

सर्लाहीको उत्तरी भेगका किसानका लागि पछिल्लो समय फौजी किराको प्रकोप चुनौती बन्दै गएको छ। घाम लाग्ने समयमा फौजी किराले बढी क्षति गर्ने गरेको कृषि प्राविधिकको भनाइ छ। फौजी किराले एकै रातमा ठुलो क्षति पुर्‍याउने गरेको किसानको अनुभव छ। पटक-पटक कीटनाशक औषधि प्रयोग गर्दासमेत फौजी किरा नियन्त्रणमा नआएको र खेतीको लागतसमेत बढ्दै गएको चुरे क्षेत्रका किसानले गुनासो गरेका छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद ढंगाल **कम्प्युटर ले-आउट :** मार्गानुगामी दैनिक **कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)